(आ.व. २०७९/०८०) बैठक नं.

आज मिति २०७९ साल श्रावण १६ गते सोमबारका दिन हरिपुर नगर कार्यपालिकाको सातौं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | [signature] |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | [signature] |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | [signature] |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | [signature] |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | [signature] |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | [signature] |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | [signature] |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | [signature] |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | [signature] |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | [signature] |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | फिरोजा |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | [signature] |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | [signature] |
| १५ | गंगीया देवी | सदस्य (महिला) | [signature] |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | [signature] |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | [signature] |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | [signature] |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | [signature] |

मिती २०७९।०४।१६

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा विपद् पोर्टलमा स्थानीय तहबाट तथ्याँक तथा सूचना व्यवस्थापन कार्यविधि २०७९ लाई नगरकार्यपालिकामा छलफल गरी कार्यविधिलाई आगामी नगरकार्यपालिका बैठकबाट पारित गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा हरिपुर नगरपालिकाका जेष्ठ नागरिक स्वास्थ्य उपचार घरदैलो कार्यक्रम दशौं नगरसभाबाट निर्णय भएको हुँदा आवश्यक औजार उपकरण खरिद गरी मिति २०७९ श्रावण महिना देखि लागू हुने गरी सम्वन्धीत वडाकै स्वास्थ्यकर्मीहरु परिचालन गरी जेष्ठ नागरिकलाई स्वास्थ्य उपचार घरदैलो कार्यक्रम संचालन गर्ने तथा सो कार्यमा खटिने स्वास्थ्यकर्मीहरुलाई थप कार्यबोझ तथा आवश्यक स्रोत समेतको आँकलन गरी कार्यालयको निर्णय अनुसार प्रोत्साहन तथा यातायात खर्च प्रदान गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा हरिपुर प्राथमिक स्वास्थ्य केन्द्रमा विगत देखि इमरजेन्सी स्वास्थ्य सेवा संचालन हुँदै आएकोमा कर्मचारी अभाव तथा प्रोत्साहन रकम व्यवस्थापन नहुँदा मिति २०७८ कार्तिक देखी ओ.पि.डि. सेवा मात्र संचालन भएको हुँदा सेवाग्राहीहरुले आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित हुनु परेको अवस्थामा अगामी दिनमा आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता गर्न आवश्यक जनशक्ति व्यवस्थापन गरी यथाशीघ्र २४ सै घण्टा इमरजेन्सी स्वास्थ्य सेवा संचालन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथी छलफल गर्दा अधारभूत स्वास्थ्य सेवा केन्द्र पिडारी ९ (स्वास्थ्य चौकी तथा बर्थिंग सेन्टर) भवन निर्माणका लागि जग्गा उपलब्ध भई बजेट अभाव भएको कारण स्वास्थ्य मन्त्रालयसँग आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

मिती २०७९।०४।१६

**मिति २०७९/०४/१६ गते बसेको कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव तथा निर्णयहरु

१. परिचयात्मक कार्यक्रम सम्वन्धमा ।

२. प्राविधिक विद्यालय संचालन सम्वन्धमा ।

३. हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९ सम्वन्धमा ।

४. विपद् पोर्टलमा स्थानीय तहबाट तथ्याँक तथा सूचना व्यवस्थापन कार्यविधि २०७९ सम्वन्धमा ।

५. जेष्ठ नागरिकलाई स्वास्थ्य उपचार घरदैलो कार्यक्रम सम्वन्धमा ।

६. प्राथमिक स्वास्थ्य केन्द्रमा इमरजेन्सी सेवा संचालन सम्वन्धमा ।

७. विविध सम्वन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिका कार्यालयमा सरुवा भई हालै हाजिरी हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री दिवाकर भुजेल ज्यू र नगर कार्यपालिका सदस्य ज्यूहरु वीच सौहार्दपुर्ण बातावरणमा परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस हरिपुर नगरपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदसँगको साझेदारीमा संचालन हुने हरिपुर वहुप्राविधिक शिक्षालयको नाम हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युट राख्ने निर्णय गरियो तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को (ज-३) ले प्राविधिक विद्यालय संचालन सम्वन्धी व्यवस्था भए अनसार प्रत्येक स्थानीय तहमा एक प्राविधिक विद्यालयको अवधारणा तथा व्यवसायिक तालिम परिषद (CTEVT) को संयुक्त साझेदारीमा हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युट खोल्नको लागि तत्काल हरिपुर नगरपालिका-४ को श्री जनता मा.वि. हरैयाको भवनमा उक्त विद्यालयको नियमित कक्षा संचालनमा असर नपर्ने गरी शघ्रि संचालनमा ल्याउने तथा नगरपालिकामा तपसिल बमोजिमको ३ वटा कार्यक्रम संचालन गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालितम परिषद (CTEVT) सँग स्वीकृति माग गर्ने र इन्स्टिच्युट संचालनको लागि आवश्यक आर्थिक तथा भौतिक पुर्वाधार लगायत अन्य सम्पुण कुरा प्रचलित नियम अनुसार सहयोग उपलब्ध गराउने तथा हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युटबाट उत्पादित जनशक्तिलाई आवश्यकता अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही कार्यमा खटाउने प्रतिवद्धता ब्यक्त गर्न लगाउने र इन्स्टिच्युट संचालनको लागि अगामी नगरसभाबाट वार्षिक संचालन तथा व्यवस्थापन खर्च विनियोजन गराउने निर्णय गरियो ।

क. डिप्लोमा इन फार्मेसी ख. डिप्लोमा इन एनेस्थेसिया ग. डिप्लोमा इन सर्भे ईन्जिनियर

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९ लाई नगरकार्यपालिकामा छलफल गरी आगामी नगरकार्यपालिका बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।